# आ.व २०७८।०७९ मा उर्लाबारी नगरपालिकाबाट भए गरेका कार्यसम्पादनको मिति २०७९ भाद्र २४ गते भएको वार्षिक प्रगती प्रस्तुतिकरण तथा समिक्षा कार्यक्रमको प्रतिवेदन-२०७९




उर्लाबारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, उर्लाबारी, मोरङ ।

स्थानीय सरकार संचालन ऐन तथा अन्य कानुनी प्रावधानहरुमा उभिएर उर्लाबारी नगरपालिकाको आर्थिक बर्ष २०७८।०७९ भरि नगरपालिकाको आन्तरिक तथा अन्य अनुदानबाट संचालित भएका कार्यक्रमको उदेश्य यसका उपलब्धीको प्रगति प्रस्तुतिकरण तथा आगामी दिनमा यस्तै खाले कार्यक्रमका लागी भएका सिकाइ तथा योजनाको तयारीको लागी एक समिक्षात्मक छलफल नगरको सभाहलमा सम्पन्न भएको थियो । बिहान ८ बजेदेखि सुरु भएको उक्त कार्यक्रममा नगर प्रमुख उपप्रमुख कार्यपालिकाका सदस्यहरु तथा बिभिन्न शाखा तथा उपशाखाका प्रमुखहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको उदेश्य तथा उपादेयताबारेमा प्रमुख प्रशासकिय अधिकृत अग्नि प्रसाद अधिकारीले प्रकाश पार्नुभएको थियो ।

**कार्यक्रमका उदेश्यहरु**

- आर्थिक बर्ष २०७८।०७९ मा भए गरेका कार्यक्रमको बारेमा उपलब्धीगत प्रस्तुति गर्दै आगामी दिनको लागि लागि सृजित समस्याको हल खोज्ने
- बिभिन्न शाखा तथा प्रशाखा बिचमा काममा दोहोरोपना आउन नदिन तथा प्रभावकारिताका लागि समन्वयात्मक व्यवस्था गर्ने
- स्थानिय तह संस्थागत क्षमता स्वमुल्याकंनका लागि आधार स्तम्भ तयार गर्ने
- नगरपालिकाको चालु बर्षको कार्यक्रम तथा कार्ययोजनालाइ काफी कार्यन्वयनको लागि सहजता प्रदान गर्ने

**कार्यक्रम अन्तरगत पेश भएका प्रस्तुतिकरण**

- स्वास्थ्य शाखा
- शिक्षा शाखा
- रोजगार शाखा
- आर्थिक प्रशासन शाखा
- भवन तथा बस्ति विकास शाखा
- खरिद तथा सम्पती व्यवस्थापन शाखा
- राजश्व प्रशासन शाखा
- योजना तथा पुर्वाधार शाखा
- कृषि शाखा
- पशुपन्छी विकास शाखा
- सामाजिक विकास शाखा
- प्रशासन उपशाखा

**<u>आ.व २०७८/७९ मा नगरपालिकाबाट भए/गरेका कामको प्रगति र सोको समिक्षालाई यस प्रकार प्रस्तुत गरिएको छ ।</u>**

**सामाजिक सुरक्षा कार्यक्रम**

उर्लाबारी नगरपालिकामा नेपाल सरकार सशर्त अनुदानको कार्यक्रम अन्तरगत सामाजिक सुरक्षा तथा अन्तरसरकारी अख्तियारी मार्फत प्राप्त भत्ता बापतको रकम आ ब २०७८।०७९ मा जम्मा ५९७१ जनालाइ वितरण गरिएको थियो । जम्मा रु २२७२५९६२१ रकम सामाजिक सुरक्षा भत्ता बापत वितरण गरिएकोमा उक्त रकम ४ वटा त्रैमासिक भरिमा वितरण गरिएको थियो । उर्लाबारी नगरपालिकाको सबै वडाका बासिन्दालाइ बैक मार्फत भत्ता बुझ्न सजिलो होस भन्नाका खातिर वार्ड पिच्छे फरक फरक पायक पर्ने बैकबाट भत्ता वितरण गरिएको थियो ।सबैभन्दा बढी लाभग्राही रहेको वार्ड नं २ (८२० जना ) देखि सबैभन्दा कम लाभग्राही रहेको वार्ड नं ५(३३५ जना ) मा सामाजीक सुरक्षा बापतको रकम वितरण गर्ने बैकहरुको जानकारी यसप्रकार उल्लेख गर्न सकिन्छ ।

| **क्र.सं** | **बैंक** | **भत्ता वितरण गर्ने वडा** | **जम्मा लाभग्राही संख्या** |
|---|---|---|---|
| १ | प्रभु बैंक लि | १ | ७५७ |
| २ | प्राइम कमर्शियल बैंक | २ | ८२० |
| ३ | प्राइम कमर्शियल बैंक | ३ | ६०८ |
| ४ | मितेरी विकाश बैंक | ४ | ८१२ |
| ५ | मुक्तिनाथ बिकास बैंक | ५ | ३३५ |
| ६ | कुमारी बैंक लि | ६ | ४१६ |
| ७ | एन एम बी बैंक | ७ | ७२० |
| ८ | एन आइ सि एसिया बैंक | ८ | ७२४ |

| | | | |
|---|---|---|---|
| ९ | सप्तकोशी विकाश बैंक | ९ | ७७९ |
| जम्मा | | | ५९७१ |

अन्तरसरकारी अख्तियारी प्राप्त भएपछी वितरण हुने सामाजिक सुरक्षा भत्ता बर्षभरी चारवटा त्रैमासिकमा वितरण गरिएको थियो । त्रैमासिक रुपमा वितरण गरिएको सामाजिक सुरक्षा बापतको रकमलाइ यसप्रकार रुपमा राखिएको छ ।

| **चैमासीक** | **भत्ता रकम** | **लाभग्राही संख्या** |
|---|---|---|
| पहिलो | ५,५३,७८,७८० | ५,६९७ |
| दोस्रो | ५,६३,२४,३८४ | ५,७७९ |
| तेस्रो | ५,७०,८८,०२२ | ५,८६१ |
| **चौथो** | **५,८४,६८,४३५** | **५९७१** |
| **जम्मा** | **२२,७२,५९,६२१** | |

# व्यक्तिगत घटना दर्ता तथा अभिलेख

उर्लाबारी नगरपालिकाले २०७८ श्रावण १ देखि २०७९ असार मसान्तसम्ममा घटना दर्ता ( जन्म मृत्यु बसाइसराइ विवाह र सम्बन्ध बिच्छेद ) गरी राष्ट्रिय जानसांख्यिक तथ्यांक व्यवस्थापनमा योगदान पुर्याएको छ । आ.व. २०७८/०७९ भरी जम्मा १७६७ बालबालिकाको जन्म भएको थियो भने ५०५ जनाको निधन अभिलेख भएको थियो । यसैगरी २०७८।०७९ मा नगरभरीमा ७४३ जनाको विवाह दर्ता अभिलेखमा प्रविष्टी भएको थियो भने ७६ जनाको सम्बन्ध बिच्छेद अभिलेख भएको थियो । आर्थीक बर्ष २०७८।०७९

मा यस नगरपालिकाबाट अन्यत्रतर्फ ३८१ परिवारका १२९७ जना बसाईसरी गएका थिए यसैगरी सोही आर्थिक बर्षमा यस नगरपालिकामा अन्यत्रका स्थानबाट ७३४ परिवारका २४२१ जना बसाइसरी यस पालिका भित्रिएको अभिलेख दर्ता भएको छ ।

आर्थीक बर्ष २०७८।०७९ नगरपालिकाको वार्ड पिच्छे भएका घटनाहरुको दर्ता अभिलेखन विवरणलाइ यसप्रकार प्रस्तुत गरिएको छ ।

**जन्मदर्ता**

| **वडा नं** | **पुरुष** | **महिला** | **जम्मा** |
|---|---|---|---|
| १ | ११४ | १०१ | **२१५** |
| २ | ११३ | ९८ | २११ |
| ३ | ७६ | ५२ | १२८ |
| ४ | १२३ | ८९ | २१२ |
| ५ | ४७ | ४४ | **९१** |
| ६ | ५८ | ४६ | १०४ |
| ७ | ९९ | १०१ | २०० |
| ८ | ७५ | ६९ | १४४ |
| ९ | ८६ | ७२ | १५८ |
| **जम्मा** | ७९१ | ६७२ | १४६३ |

**मृत्युदर्ता**

| वडा नं | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | २८ | २१ | ४९ |
| २ | ४४ | ३० | ७४ |
| ३ | ३४ | १८ | ५२ |
| ४ | ३५ | २८ | ६३ |
| ५ | २८ | २० | ४८ |
| ६ | २१ | २५ | ४६ |
| ७ | ३९ | २६ | ६५ |
| ८ | ३० | २८ | ५८ |
| ९ | ३१ | २५ | ५६ |
| **जम्मा** | २९० | २२१ | ५११ |

विवाह दर्ता

| वडा नं | दर्ता संख्या |
|---|---|
| १ | ९६ |
| २ | ९० |
| ३ | ५० |
| ४ | ७२ |

| | |
|---|---|
| ५ | **३१** |
| ६ | ४४ |
| ७ | ७५ |
| ८ | ८० |
| ९ | ७९ |
| **जम्मा** | ६१७ |

- यसैगरी सर्शत अनुदानको कार्यक्रम अन्तरगत यस पालिका स्थापना पुर्व तथा स्थापना पश्चात घटना दर्ता किताबमा अभिलेखिकृत भएका  घटना र दर्ता किताबमा अभिलेखिकृत भएका ४९ हजार तथ्यांकलाइ पुर्ण रुपमा डिजीटाइजेसन गरिएको अवस्था छ । आ ब २०७८।०७९ मा सबै वडाहरुमा दर्ता शिविर संचालन गरि सामाजिक सुरक्षा तथा पंजिकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको थियो ।
- VES & SP MIS संचालन गर्न प्रत्येक वडामा डेस्कटप कम्युटर प्रिन्टर राउटर खरिद गरी वितरण गरिएको थियो ।
- सामाजिक सुरक्षा तथा पंजिकरण विभागको २०७८।०८।०१ को परिपत्रानुसार कम्तिमा २ वटा एफ एम मा ६ महिना व्यक्तिगत घटना दर्ता सामाजिक सुरक्षा कार्यक्रम र राष्ट्रिय परिचयपत्र सम्बन्धी सूचना प्रशारण गर्नु भनी निर्देशन भएबमोजिम स्थानीय प्राइम एफ एम र रेडियो सुनाखरीमा जिग्नल प्रशारण गरिएको थियो ।
- विभागले पठाएको पत्रानुसार  व्यक्तिगत घटना दर्ता सप्ताह बैशाख १ गतेदेखि ७ गतेसम्म मनाउने सम्बन्धमा एफ एममा जिग्नल माइकिङ्ग र सम्पुर्ण सामुदायिक विधालयमा विधार्थी मार्फत सन्देश प्रवाह गराउन घटना दर्ता सम्बन्धी फ्लेक्श समेत टाँस गरिएको थियो ।

सामाजिक सुरक्षा तथा पंजिकरण शाखा अन्तरगत कार्यक्रमको दौरानमा आएका चुनौती तथा सिकाइलाइ यसप्रकार समिक्षा बैठकमा प्रस्तुत गरिएको थियो ।

## चुनौती तथा सिकाइ

- सर्भरमा आउने समस्याका कारण कहिलेकाही समयमा नै सेवा प्रवाह गर्न असमर्थ भएको,
- समय समयमा सामाजिक सुरक्षा भत्ता वितरणका लागि बैक तथा वित्तिय संस्था परिवर्तन भएकाले सेवाग्राहीहरुमा अन्यौलता सिर्जना भएको,
- जन्म मृत्यु विवाह तथा बसाइसराइको घटनालाइ विकास निर्माण तथा नगरको योजनासँग समावेश गर्न नसकिएको

समस्या सम्बोधनका लागि सुझाइएका सुझाबहरु

- नगरको जनसाख्यिक विवरणलाई डिजिटल प्रोफाइल बनाई अद्यावधिक गर्नु पर्ने ।
- नगरपालिकाको इन्टरनेटको क्षमता अभिवृद्धि गर्नु पर्ने ।

## सहकारी तथा संघसंस्था

- उर्लाबारी नगरपालिकामा आ ब २०७८।०७९ सहकारी संस्थाको हकमा १ वटा कृषि सहकारी संस्था दर्ता भएको छ । हालसम्म दर्ता भएका सहकारी संस्थाको संख्या ४ रहेको छ ।
- यसैगरी २०७८।०७९ मा १ वटा बहुउदेश्यिय सेवा समाज समिती नामक संस्था दर्ता भएको अवस्था छ ।

## खरिद तथा सम्पती व्यवस्थापन शाखा

नगरपालिकाको खरिद तथा जिन्सी शाखाबाट नगरकार्यपालिकालाइ आबश्यक पर्ने खरिद तथा जिन्सी सामानको खरिद पहिचान देखि लिएर आबश्यक कागजातहरुको तयारी प्रकृयागत अभिलेख व्यवस्थापन जस्ता कार्यहरु गर्दै आइएको छ । यसका अतिरिक्त नगरपालिकाको खरिद तथा सम्पती व्यवस्थापन शाखाबाट बार्षिक खरिद योजनाको निर्माण , विभिन्न शाखा उप-शाखा तथ वडा कार्यालयहरुको माग र सिफारिस को आधारमा कार्यक्रम संचालनको लागि आवश्यक पर्ने खर्च भएर जाने तथा खर्च भएर नजाने जिन्सी सामानहरु स्थानीय तथा बाह्य बजारबाट दररेट माग गरी खरिद प्रकृया अगाड बढाउनको लागी लागत अनुमान तयार पार्नेदेखि लिएर स्विकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि विभिन्न शाखा उपथा शाखाको माग त-२०६३सिफारिस अनुसार सार्वजनिक खरिद ऐन , सार्वजनिक खरिद नियमावली २०६४ एवं प्रचलित

कानुनको अधिनमा रहि खरिद प्रकृया अगाडी लगायतका कार्यहरु गर्दै आइरहेको छ । यसका अतिरिक्त उक्त शाखाबाट आ.ब. ०७८/०७९ मा भएका कार्यहरुलाइ यसप्रकार बुँदागत रुपमा प्रस्तुत गर्न सकिन्छ ।

- कार्यालयमा खरिद गरिएका खर्च भएर जाने तथा खर्च भएर नजाने जिन्सी माल सामानहरूको लगत चुस्त र दुरूस्त रूपमा जति बेला जुन सामान हेर्न सकिने अवस्थामा राखिएको ।
- जिन्सी निरिक्षण समिति गठन गरी निरिक्षण प्रतिवेदन तयार गरिएको ।
- कार्यक्रम संचालनको शिलशिलामा विभिन्न शाखा उप-शाखा तथा वडा कार्यालयहरूबाट समेत माग भएका सामानहरू स्टोरमा मौज्दात रहेको अवस्थामा सोहि दिन तथा खरिद गरी उपलब्ध गराउनु पर्ने अवस्थामा बजेटको अवस्था हेरि ऐन नियमको परिधि भित्र रहि कार्यालय प्रमुखको निर्देशन तथा खरिद समितिको सिफारिस अनुसार कम्तिमा ३ देखि ७ दिन भित्रमा उपलब्ध गराइएको ।
- कार्यक्रम संचालनको शिलशिलामा विभिन्न शाखा उप-शाखा तथा वडा कार्यालयहरूबाट समेत खरिद गरिएका जिन्सी सामानहरूको प्राप्त बिल भरपाइहरूको आधारमा सामानको अवस्था हेरी जिन्सी दाखिला गरी भुक्तानीको लागी आर्थिक प्रशासन शाखामा पठाउने गरिएको ।
- घर जग्गा तथा सवारी साधनहरुको विवरण अध्यावधिक गरि चुस्त र दुरुस्त रूपमा राखिएको ।
- खर्च भएर जाने तथा खर्च भएर नजाने सामाहरुको लगत छुट्टा छुट्टै जिन्सी खातामा म.ले.नि.का. वाट जारी गरिएको पाम्स शुत्रमा प्रविष्ट गरिएको ।
- विपद व्यवस्थापनको लागि आवश्यक पर्ने सामाग्रीहरू को छुट्टै लगत राख्ने गरिएको ।
- विषयत शाखा उप-शाखा तथा वडा कार्यालयको प्रयोजनमा रहेका जिन्सी सामाग्रीहरूको लगत छुट्टा छुट्टै रूपमा राख्ने गरिएको ।
- नगर प्रमुख / उप-प्रमुख / प्रमुख प्रशासकिय अधिकृत तथा खरिद समितिको निर्देशनमा रहि लाए अह्हायको कामकाज गर्ने गरिएको ।

नगरपालिकामा हालसम्म चालु तथा विभिन्न अवस्थामा रहेको सवारी साधन, जग्गा तथा भवन , अन्य मेशिनरी सामानको विवरणलाइ यसप्रकार प्रस्तुत गरिएको छ ।

| **सि.नं.** | **सवारी साधनको नाम** | **इकाइ** | **परिमाण** | **अवस्था** |
|---|---|---|---|---|
| १ | दमकल ( वारुण यन्त्र) | थान | १ | चालु |

| | | | | |
|---|---|---|---|---|
| २ | टिप्पर | थान | १ | चालु |
| ३ | टेक्टर | थान | ३ | **१ थान लिलाम गर्ने अवस्थाको** |
| ४ | बोलेरो जिप (पुरानो) | थान | १ | चालु |
| ५ | इसुजु पिकअप गाडी | थान | १ | चालु |
| ६ | फुटन पिकअप गाडी | थान | १ | चालु |
| ७ | स्कार्पियो जिप(पुरानो) | थान | १ | चालु |
| ८ | एम्बुलेन्स | थान | १ | चालु |
| ९ | शव-वहान (पुरानो) | थान | १ | चालु |
| १० | मोटरसाइकल (नयां पुरानो) | थान | २२ | चालु |
| ११ | स्कुटर | थान | ३ | चालु |
| १२ | साइकल | थान | १२ | चालु |
| १३ | घुम्ति सौचालय | थान | १ | **लिलाम गर्ने अवस्थाको** |

| **सि.नं** | **घरको विवरण** | **स्थान** | **तला** | **कोठा** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | न.पा.कार्यालय भवन | उर्लावारी-४ | ३ | ३४ | नयां |
| २ | न.पा.पुरानो भवन | उर्लावारी-४ | २ | ५ | पुरानो |
| ३ | वडा नं. १ कार्यालय भवन | उर्लावारी-१ | २ | ९ | नयां |
| ४ | आधारभुत स्वा.के. भवन | उर्लावारी-१ | १ | ५ | नयां |
| ५ | वडा नं. २ कार्यालय भवन | उर्लावारी-२ | २ | ९ | नयां |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | आधारभुत स्वा.के. भवन | उर्लावारी-२ | १ | ५ | नयां |
| ७ | वडा नं. ५ कार्यालय भवन | उर्लावारी-५ | २ | ७ | पुरानो |
| ८ | आधारभुत स्वा.के. भवन | उर्लावारी-५ | १ | ५ | नयां |
| ९ | संयुक्त वडा कार्याल भवन वडा नं. ८ र ९ | उर्लावारी -९ | २ | ७ | पुरानो |

| सि.नं | जग्गाको विवरण | जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | प्राप्ति मिति |
|---|---|---|---|---|---|
| १ | उर्लावारी बसपार्क प्रयोजनको लागि खरिद गरिएको जग्गा | उर्लावारी वडा नं.-६ | ७३, २५७, १८३६ | २ विगाहा २३ कठ्ठा | २०७३/०९/२२ २०७२/१२/०८ २०७५/०६/१८ |
| २ | वडा नं.५ वडा कार्यालयको नामको जग्गा | उर्लावारी वडा नं.-५ | ६७५ ६७८ | ३ कठ्ठा ५ धुर | २०७४/११/२३ |
| ३ | वडा नं.३ वडा कार्यालयको नामको जग्गा | उर्लावारी वडा नं.-३ | २२१ | १ कठ्ठा १० धुर | २०७६/२/३० |
| ४ | वडा नं.१ वडा कार्यालयको नामको जग्गा | उर्लावारी वडा नं.-१ | २३९ ५७३ | २ कठ्ठा १० धुर | २०७६/१/०४ |
| ५ | वडा नं.८ वडा कार्यालयको नामको जग्गा | उर्लावारी वडा नं.-८ | ४४१ | १० कठ्ठा १ धुर | २०७६/७/१७ |
| ६ | वडा नं.९ वडा कार्यालयको नामको जग्गा | उर्लावारी वडा नं.-९ | ४५३, ४५१,४६१ | ३ कठ्ठा | २०७३/०८/१७ |
| ७ | वडा नं.६ वडा कार्यालयको | उर्लावारी वडा नं.- | २५ २३७१ | १ कठ्ठा | २०७६/१२/०५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | नामको जग्गा | ६ | | १५ धुर ३ पाउ | |
| ८ | नगरपालिका कार्यालयको नाममा रहेको जग्गा | उर्लावारी वडा नं.-४ | ६०४ | १० कठ्ठा | २०४३/०४/१० |
| ९ | लेण्डफिल्डसाइडको प्रयोजनको लागि पहिले गा.वि.स. ले खरिद गरेको जग्गा | उर्लावारी. वडा नं.-४ | १२७ १२८ १५५ १९९४ १९९६ | २९ कठ्ठा १ धुर | २०७०/०७/२५ |
| १० | वडा नं.२ वडा कार्यालयको नामको जग्गा | उर्लावारी वडा नं.-२ | १५७ ४२५ | ४ कठ्ठा २३ धुर | २०७६/२/३० |

यसप्रकार नगरको समग्र खरिद व्यवस्थापनलाइ नै नेतृत्व प्रदान गरेको यस शाखाले बर्षभरीमा कामको दौरानमा आइपरेका चुनौती तथा समाधानका उपायहरुलाइ बार्षिक समिक्षा प्रतिवेदनमा यसप्रकार छलफलका लागि प्रस्तुत गरेको थियो ।

- वार्षिक जिन्सी निरिक्षणमा उल्लेख भए अनुसार खर्च भएर नजाने प्रकृतिका पुराना फर्निचर, मेशिनरी औजार तथा सवारी साधनहरू बजेट अभावको कारणले समयमानै मर्मत संभार गरि पुनः प्रयोगमा ल्याउन नसकिएको ।
- खर्च भएर नजाने प्रकृतिका जिन्सी खातामा दाखिला हुन छुट भएका पुराना सामानहरूको जिन्सी खातामा दाखिला गरी मर्मत सम्भार गरी पुनः प्रयोगमा ल्याउने एवं काम नलाग्ने जिन्सी सामानहरुको लिलाम, बिक्री कार्यमा कार्य बर्सेनी गर्ने गरिएको ।
- उर्लावारी नगरपालिका क्षेत्रभित्र नगरपालिकाको स्वामित्वमा रहेको जग्गाहरूको यकिन विवरण संकलन गरिएता पनि हाल सम्म जग्गाको सांध सिमानाको घेरावारा गर्न नसकिएको ।
- कार्यालयमा मौज्दात रहेका खर्च भएर नजाने प्रकृतिका सामलामानहरु सम्बन्धित निकायहरुमा माग भएको समयमा जनशक्ति अभावको कारणले ढुवानी गरी पुर्याउन नसकिएको ।
- जिन्सी मालसामानहरु मर्मत संभार कार्यका लागि यथोचित बजेटको व्यवस्था हुनुपर्ने ।

- वार्षिक जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार वर्षको एक पटक मर्मत संभार गरि पुनः प्रयोगमा ल्याउन नसकिने प्रकृतिका समानहरूलाई बर्सेनी लिलाम, बिक्रीको कार्य अगाडी बढाउनु पर्ने ।
- मालपोत तथा नापि कार्यालयबाट जग्गाको यथार्थ नक्सा ल्याइ जग्गाको साध सिमाना एकिन गरी घेरावाराको ब्यबस्था गर्नु पर्ने ।
- ढुवानी गरि विभिन्न वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा सामान पुऱ्याउने प्रयोजनका लागि छुट्टै सवारी साधन र जनसक्तिको व्यवस्थापन हुनुपर्ने ।
- खरिद तथा सम्पती ब्यबस्थापन शाखामा काम गर्ने कर्मचारिहरुको लागि समय समयमा पाम्स शुत्रको पुनःताजकि तालिमको ब्यबस्था हुनु पर्ने ।

**शिक्षा शाखा तथा तत्सँग सम्बन्धित कार्यहरुको समिक्षागत विवरण**

६७.२८नगरपालिकाको बार्षिक योजना किताबमा समावेश भएको योजनाका लागि शिक्षा शाखाको माध्यमबाट आ.ब ०७८/०७९ भरीमा रु.८१,८५,५०० (एकासी लाख पचासी हजार पाँच सय) बराबरको रकम विनियोजन भएको थियो भने निकासा भएको रकम ५५०७६२९ (पच्पन्न लाख सात हजार छ सय उनन्तीस) रहेको थियो। यसरी निकाशा र विनियोजनलाइ आधार मानेर विश्लेषण गर्दा ६७.२८ प्रतिशत खर्च भएको पाउन सकिन्छ । यसैगरी शर्सत अनुदानतर्फ रु२२३४०९०००. (बाइस करोड चौंतीस लाख नब्बे हजार) विनियोजन भएकोमा १९६७८००२० (उन्नाइस करोड सत्साठ्ठी लाख असी हजार बीस मात्र) निकाशा भएको थियो । यसलाइ विश्लेषणात्मक रुपमा व्यक्त गर्दा ८८ प्रतिशत खर्च भएको पाउन सकिन्छ ।

यसका अतिरिक्त शिक्षा शाखाले यस आ.ब. मा देहायका कार्यक्रमहरु समेत संचालन गरेको थियो जसलाई यस प्रकार उल्लेख गरिएको छ ।

- तोकिएका विद्यार्थीहरुको दिवा खाजाका लागि विद्यालयलाई अनुदान कार्यक्रम विभिन्न बिधालयहरुमा संचालन गरिएको थियो । जसका लागि रु.८७५६०००/- (सतासी लाख छपन्न हजार) विनियोजन गरिएको थियो । उक्त कार्यक्रममा रु ५६८७९८७ .(छपन्न लाख सतासी हजार नौ सय सतासी) अर्थात ६४.९६ प्रतिशत खर्च भएको थियो ।

- विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान कार्यक्रम अन्तरगत रु.२३९१०००/- (तेइस लाख एकानब्बे हजार) विनियोजन भएकोमा रु१४४७००० . (चौध लाख सड्चालीस हजार) अर्थात ६०.५१ प्रतिशत खर्च भएको थियो ।
- शैक्षिक पहुँच सुनिश्चितता कार्यक्रम अन्तरगत ११६४०००/- (एघार लाख चौसाठ्ठी हजार) विनियोजन भएकोमा रु७२३००० . (सात लाख तेइस हजार) अर्थात ८९.४५ प्रतिशत खर्च भएको थियो ।
- विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान क्रियाकलाप अन्तरगत रु. ८८,८७,०००/- (अठासी लाख सतासी हजार) विनियोजना भएकोमा ७९५०००० (उनासी लाख पचास हजार) खर्च भएको थियो ।
- सामुदायिक विद्यालयका छात्राहरुलाई सेनेटरी प्याड व्यवस्थापन क्रियाकलाप अन्तरगत रु. २८६२०००/- (अठ्ठाइस लाख बैसाठ्ठी हजार) विनियोजन भएकोमा रु रु २४५७९८० .(चौबीस लाख सन्ताउन्न हजार नौ सय असी) अर्थात ८५.८० प्रतिशत खर्च भएको अवस्था छ ।
- प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा आठको परीक्षा व्यवस्थापन अनुदान क्रियाकलाप अन्तरगत रु.४४,६४,०००/- (चवालीस लाख चौसाठ्ठी हजार) विनियोजन भएकोमा ४२१२७०० .(बयालीस लाख बाह्र हजार सात सय) अर्थात खर्च भएको थियो ।
- सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति क्रियाकलाप अन्तरगत उर्लाबारी नगरपालिकाको बार्षिक बजेटबाट रु रु.२६,६९,०००/- (छब्बीस लाख उनन्सत्तरी हजार) विनियोजन भएको मध्ये रु १४३३८०० (चौध लाख तेत्तीस हजार आठ सय) खर्च भएको अर्थात जम्मा खर्च रकमको ५३.७२ प्रतिशत खर्च भएको अवस्था छ ।
- सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक क्रियाकलाप अन्तरगत नगरपालिकाको बार्षिक योजनाबाट रु. ५२,५०,०००/- (बाउन्न लाख पचास हजार) विनियोजन भएकोमा नगरपालिकामा आ.ब. २०७८/०७९ मा ४३६८२५७ (त्रिचालीस लाख अड्साठ्ठी हजार दुई सय सन्ताउन्न) अर्थात ८३.२० प्रतिशत निकाशा भएङ्को अवस्था अद्यावधिक छ ।
- **गणित,अंग्रेजी र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान आधारभूत तह कक्षा(६-८) क्रियाकलाप अन्तरगत उर्लाबारी नगरपालिकाको वार्षिक विनियोजित बजेट अन्तरगत रु विनियोजन भएकोमा आ.ब. २०७८/०७९ मा रु निकाशा भएको लेखा विवरणको प्रगती प्रतिवेदनबाट पुष्टि हुन्छ ।**
- GPE सहयोगमा कोभिड १९ कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम अन्तरगतको क्रियाकलापमा नगरपालिकाको बार्षिक योजनाको नेपाल सरकार शसर्त अनुदान शिर्षकबाट रु रु.४,०००००/- (चार लाख) विनियोजन भएकोमा आ.ब. २०७८/०७९ भरिमा रु

.९४४९४ (चौरानब्बे हजार चार सय चौरानब्बे) निकाशा भइ जम्मा विनियोजित बजेटको २३.६२ प्रतिशत खर्च भएको प्रगति विवरण पेश गरिएको छ ।

- केन्द्रबाट छनौट भएका नमूना विद्यालय,विषेश विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्नति प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान क्रियाकलाप अन्तरगत नगरपालिकाको शसर्त अनुदान शिर्षकबाट रु १,४०,०००००/- (एक करोड चालीस लाख) विनियोजन भएकोमा रु रु.१३९९९६९८/- (एक करोड उनन्चालीस लाख उनन्सय हजार छ सय अन्ठानब्बे) अर्थात जम्मा विनियोजित बजेटमध्ये ९९.९९ निकाशा भएको प्रगतिमुलक तथ्यांक अद्यावधिक छ ।
- यसैगरी राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम भवन तथा आइसिटी क्रियाकलापको लागि नगरपालिकाको शसर्त अनुदानमध्येबाट बार्षिक विनियोजित रकम २२४००००० (दुई करोड चौबीस लाख मात्र) रहेकोमा सोही बमोजिमको रकम निकाशा भइ खर्च प्रतिशत १०० नै कायम हुन आएको प्रगती सूचक अद्यावधिक छ ।
- यसका अतिरिक्त आ.ब.२०७८/०७९ मा कार्यन्वयन भएका अन्य गतिविधीहरुमा यस नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा रिक्त रहेका दरबन्दीहरुमा विज्ञापन अनुमति प्रदान गरि करार तथा निजीमा शिक्षक,कर्मचारी नियुक्त गरिएको ,दरबन्दी मिलान तथा व्यवस्थापनको काम गरिएको ,समय-समयमा विद्यालयको अनुगमन गरि पृष्ठपोषण प्रदान गरिएको ,सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क रुपमा प्रदान गरिने सेनेटरी प्याड व्यवस्थापनको कार्यमा सहजीकरण गरिएको सामुदायिक विद्यालयमा अध्यापनरत स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन राष्ट्रिय किताबखाना (शिक्षक) बाट पारित गरेर ल्याइएको ,शिक्षा तथा मानवस्रोत विकास केन्द्र तथा शिक्षा विकास तथा समन्वय इकाइबाट परिपत्र भएका सूचना तथा माग बमोजिमका विवरणहरु समयमा नै उपलब्ध गराइएको ,सामुदायिक विद्यालयमा अध्यापनरत स्थायी शिक्षकहरुको कार्य सम्पादन मूल्यांकन नियमानुसार भए नभएको रुजु गरि शिक्षा विकास तथा समन्वय इकाइमा पठाइएको सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको सम्पत्ति विवरण शिक्षा विकास तथा समन्वय इकाइ मोरङमा पठाइएको ,राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट परेका कार्यक्रमहरुलाई कार्यान्वयन गरी विद्यालयको खातामा रकम निकासा गरिएको जस्ता उपलब्धीमुलक क्रियाकलापलाइ उल्लेख गर्न सकिन्छ ।

## स्वास्थ्य शाखा

आर्थिक बर्ष २०७८/०७९ भरीमा नगरपालिकाको चालु तथा पुजिगत बजेट तथा शर्सत अनुदानबाट तय गरिएका कार्यक्रमहरु अन्तरगत स्वास्थ्य शाखाले महामारी नियन्त्रण गर्ने तथा नियमित प्रकृतिका कार्यक्रमहरु संचालन गरेको थियो । यसैगरी यसै क्षेत्रअन्तरगत आयुवेर्दिक तथा अन्य चेतनामुलक कार्यक्रम

समेत सँचालन गरिएको थियो ।कुल ७१७०७ जनसंख्या रहको तथा १५देखि ४९ बर्ष उमेर समुहका मानिसको संख्या अधिक रहेको यस उर्लबारी नगरक्षेत्रभित्रको उमेरगत जनसंख्यालाइ यसप्रकार स्वास्थ्य लक्ष्यीत जनसंख्या भनेर वर्गिकृत गर्न सकिन्छ ।

| लक्षित समूह | जनसंख्या |
|---|---|
| कूल जनसंख्या | ७१७०७ |
| १ बर्ष मुनिका बालबालिका (०‘११ महिना) | ११०३ |
| २ बर्ष मुनिका बालबालिका (०‘२३ महिना) | २२०४ |
| १२‘२३ महिनाका बालबालिका | ११०० |
| ६‘५९ महिनाका बालबालिका | ५१०५ |
| १२‘५९ महिनाका बालबालिका | ४५५४ |
| ५ बर्ष मुनिका बालबालिका | ५६६७ |
| १५‘४९ बर्ष सम्मका महिला | २११६२ |
| १५‘४९ बर्ष सम्मका बिबाहित महिला | १७३५० |
| अनुमानित गर्भवति महिला | १३०५ |
| अनुमानित जीवित जन्म | ११०६ |

यसैगरी माथि उल्लेखित उमेरगत जनसंख्याको स्वास्थ्य स्थितीलाइ संवोधन गर्न नगरपालिकाको तेरिज भित्र रहने गरी यसप्रकारको जनशक्तिलाइ नगरपालिकाले आब २०७८/०७९ मा परिचालन गरेको थियो ।

| लक्षित समूह | संख्या |
|---|---|
| सरकारी अस्पताल (शैय्या अनुसार) | १ |

| | |
|---|---|
| प्राथमिक स्वास्थ्य केन्द्र | ० |
| स्वास्थ्य चौकी | १ |
| आधारभूत÷सहरी स्वास्थ्य केन्द्र | ७ |
| नगर अस्पताल | ० |
| सामुदायिक स्वास्थ्य ईकाइ | ० |
| गाउँघर क्लिनिक | ५ |
| खोप क्लिनिक | १५ |
| निजी तथा गैर सरकारी अस्पताल | २ |
| महिला स्वास्थ्य स्वयं सेविका | २१ |

**पशुपन्छी विकास शाखा**

उर्लाबारी नगरपालिको पशुपन्छी विकास शाखाले आ.ब. २०७८/०७९ मा नगरको चालु तथा पुजिगत बजेटका कार्यक्रमहरु  यसैगरी नेपाल तथा प्रदेश सरकारको शसर्त अनुदानको कार्यक्रमहरु सार्वजनिक खरिद ऐन तथा नियमावली यसैगरी नगरबाट पारित बिभिन्न कार्यविधीको परिधीमा रहेर संचालन गरेको थियो । यस शाखाबाट कार्यक्रम सम्पन्न गर्नलाइ सबभन्दा पहिला तथ्यांकिय आँकडामा रहेर कार्यक्रम संचालन गर्नु श्रेयस्कर हुने भएकाले देहायको मात्रामा पशु तथा पन्छीको सख्या रहेको कुरा शाखाको प्रगति विवरणबाट थाहा हुन्छ ।

**पशुपन्छी तथ्यांकः**

- गाईः २१२४६
- भैसी ४२५३
- बाख्राः १९७७२

- बंगुरः ९३०५
- कुखुराः ३५३६७
- टर्कीः ४५७६
- हासः ६१७९
- कुकुरः २०३४
- खरायोः ७३६

उर्लाबारी नगरपालिका पशुपन्छी बिकास शाखामा आ ब ०७८/०७९ मा व्यवसायिक पशुपन्छी तथा मत्स्य फर्महरुको दर्ता/सुचिकृत बिबरणलाइ यसप्रका प्रस्तुत गर्न सकिन्छ ।

- गाईः ५२
- भैसीः २
- बाख्राः ३८
- बंगुरः ३२
- कुखुरा/हास टर्कीः  ८
- माछाः २७
- पशुपालन समुह/समितिः २८
- दुग्ध उत्पादक कृषि सहकारी संस्थाः १

यसैगरी यस पशुपन्छी विकास शाखाबाट संचालित बिभिन्न कार्यक्रमहरु तथा उक्त कार्यक्रमबाट लाभान्वित परिवार संख्या तथा पशुपन्छीको सख्यात्मक विवरण पनि नगरपालिकाको पशुपन्छी विकास भावी रणनिती तय गर्न एक महत्वपुर्ण साधन हो । यसलाइ पनि प्रगती प्रतिवेदनमा समावेश गर्नु जायज हुने देखिन्छ ।

**रोग निरोधक खोप कार्यक्रम**

| | |
|---|---|
| खोरेत खोप | ९५२५ |
| स्वाइन फिबर खोप | ५८२० |

| | |
|---|---|
| एच एस बि क्यु खोप | ४००० |
| पिपिआर खोप | ६६५५ |
| रेबिज खोप | २६८ |
| हालसम्मको कुल खोप | २६२६८ |
| लाभान्वित परिवार | महिला १०९४ पुरुष १५०५<br>दलित २२१ जनजाति १२४७ र अन्य ११३१ |
| व्यवसायिक पशु पालन फर्महरु | १७३ |

**कृत्रिम गर्भाधान कार्यक्रम प्रगती विवरण**

| | |
|---|---|
| गाइ संख्या | १००० |
| भैसी संख्या | ५५ |
| बाखा संख्या | ७ |
| कुल जम्मा कृ ग संख्या | १०६२ |
| लाभान्वित परिवार संख्या | महिला २३१ पुरुष ८३१<br>दलित २९ जनजाति १९८ र अन्य ८३५ |

**पशुसेवा प्रसार कार्यक्रम**

| | |
|---|---|
| खोप प्रगती | १५० वटा कुकुर / बिरालो |
| लाभान्वित परिवार | महिला ३४ पुरुष ११६<br>दलित १३ जनजाति ५८ र अन्य ७९ |

पशु आहारा कार्यक्रम अन्तरगत संचाल गरिएका कार्यक्रम अन्तरगत घाँसतथा अन्य पशुआहार वितरण र विकास कार्यक्रम संचालन गरिएको थियो । जसलाइ देहायबमोजिमको तलिकाबाट प्रस्तुत गर्न सकिन्छ ।

| | |
|---|---|
| हिउँदे घास बिउ बितरण | ४६५ परिवार लाभान्वित |
| टियोसेन्टी सुडान | २६८ परिवार लाभान्वित |
| यु एम बी खरिद वितरण | ६५ परिवार लाभान्वित |
| बहुबर्षिय घाँसको सेटस स्लिप गाज वितरण | ७३ परिवार लाभान्वित |
| बहुबर्षिय घाँसको विउ बितरण | ९७ परिवार लाभान्वित |

| | |
|---|---|
| डालेघाँसको बिरुवा वितरण | १२८ परिवार लाभान्वित |

पशुपन्छी बिमाले कृषकलाइ आइपर्ने भवितव्यबाट केहि हदसम्म भएपनि राहत दिने तथा व्यवसायको सुनिश्चितताको आधार तयार गर्ने भएकाले मृत्यु बिमा सिफारिस

सिफारिस संख्या जम्मा ९० वटा (गाइभैसी बंगुर बाखा तथा कुखुरा)

लागत साझेदारीमा गोठ सुधार कार्यक्रममाबाट

- गाइभैसी तर्फको खोर बनाएको फर्महरु ३ वटा
- बाख्राको तर्फको खोर बनाएको फर्महरु जम्मा २ वटा
- लेयर्स कुखुराको फर्म १ वटा
- बंगुर फर्म ५ वटा
- माछा स्टक टेंकी निर्माण सहयोग ३ स्थानमा

बैदेशिक रोजगारबाट फर्केका युवा लक्षियत कार्यक्रम पशुपन्छी मत्स्य व्यवसाय प्रवर्द्धन सहयोग कार्यक्रम

| | |
|---|---|
| लक्ष्य | १५ |
| माग निवेदन | १२ |
| छनौट | १० |
| प्रगती | ८ |

लागत साझेदारीमा संचालित कार्यक्रमहरु र प्रगतीहरु

| | |
|---|---|
| समर्शियल पम्प वितरण | ६ |
| ग्रासकटर वितरण | ६ |
| च्यापकटर वितरण | १२ |
| टर्की चल्ला वितरण | ८८८ |
| काउ म्याट वितरण | १०० |
| महाजाल वितरण | ५ |

पशुपन्छी शाखाबाट संचालित अन्य कार्यक्रमहरु तथा प्रगती विवरण

| | | |
|---|---|---|
| साझेदारीमा मासु पसल सुधार | लक्ष्य ४ | प्रगती २ |

| | | |
|---|---|---|
| कार्यक्रम | | |
| साझेदारीमा दुध डेरी पसल सुधार कार्यक्रम | २ | २ |
| जिउदो माछा पसल सुधार | २ | ० |
| सामुदायिक कुकुर बन्ध्याकरण शिविर | उल्लेख नभएको | १४३ |
| परजिवी नियन्त्रण कार्यक्रम तथा बाँझोपन न्युनिकरण औषधी वितरण कार्यक्रम | | ६५ परिवार |
| उत्कृष्ट पशुपन्छी पालक कृषक सम्मानित | उल्लेख नभएको | ६ (गाइभैसी बाखा बंगुर मत्स्य कुखुरा र घाँसखेती बिधातर्फ) |
| संघीय शर्सत अनुदान अन्तरगत बाखापकेट विकास कार्यक्रम | ७६ वटा बाखा<br>५ वटा बोका<br>१८ च्यापकटर<br>३८ डुँढ खरिद<br>८१ बाखाको बिमा<br>बाखा तालिम १ दिने<br>परजिवी नियन्त्रण १ प्याकेज<br>बहुबर्षे घाँस २००० | १९ परिवार कृषक लाभान्वित |
| बाखा पकेट कार्यक्रमको निरन्तरता | फर्म घेराबारा ८३७५ वर्ग फिट<br>डुड खरिद ३३<br>ग्रास कटर २<br>हातेठेला गाडी ३<br>बाखापालन तालिम १ दिने | ३६ कृषक परिवार लाभान्वित |

पशुपन्छी सेवा शाखाले कार्यक्रम संचालनको दौरानमा भोगेका तथा अनुभुत गरेका चुनौति तथा समस्यालाइ यसप्रकार उल्लेखन गर्न सकिन्छ

- दरबन्दी अनुसार कर्मचारी नहुनु
- कोभिड १९को महामारी तथा पशुपन्छी क्षेत्रमा यसले पारेको प्रभाव
- स्थानीय तहको चुनाव तथा कार्यक्रमको अप्रभावकारिता
- टेन्डर प्रकृयालाइ नबुझ्दा तथा खरिद ब्यबस्थापन सम्बन्धी तालिम प्राप्त नहुँदा कृषकलाइ आबश्यकता परेको बेलामा तथा सहि समयमा सामान प्राप्त गर्न नसकेको

- कार्यक्रमको संभाव्यता नभएको स्थानमा माग निवेदन प्राप्त भएको वितरित अनुदानको प्रभावकारी अनुगमन गरिनुपर्ने
- शाखा कार्यलयको कम्पाउन्ड गहिरो तथा भवन निर्माण पुर्ण नहुनु सेवा प्रवाहमा असहजता
- समयानुसार शाखालाइ सुचना प्रविधी अनुकुल बनाउन नसक्नु
- नगरपालिका कार्यलय अन्तरगतका अन्तर शाखा कार्यक्रम संचालन समन्वय सहजीकरण प्रभावकारी हुन नसक्नु

**खानेपानी सेवामा नागरिकको पहुचः**

यस नगरक्षेत्रका सम्पूर्ण वडाका नागरिकलाई स्वच्छ खानेपानीको पहुच र सेवा पुर्याउन उर्लाबारी खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाले योजनाबद्ध ढंगले सेवा विस्तार गर्दै आएको छ । संस्थाबाट प्राप्त प्रगति प्रतिवेदनमा उल्लेख भए बमोजिम उर्लाबारी नगरक्षेत्रमा आ.व २०७८।०७९ मा खानेपानी सेवाको क्षेत्रमा भएको कार्यको संक्षिप्त विवरण यसप्रकार छ ।

- आ.ब. ०७७/०७८ सम्ममा जम्मा ४९०२ धारा जडान भएकोमा आ.ब. ०७८/०७९ को अन्त्यसम्ममा थप ६२३ धारा जडान गर्ने कार्य सम्पन्न गरी हाल संस्थाको धारा जडान संख्या ५५२५ पुऱ्याउन सफल भएको ।
- गत बर्ष २४७.६०१ कि.मि. पाइपलाइन विस्तार भइसकेकोमा यस आ.ब. मा उपभोक्तको मागको अनुपातमा वडा नं. १,४,५,६,७,८ र ९ को विभिन्न ठाँउमा गरी ८२८५ मि. पाइपलाइन विस्तार गरिएको र हालसम्म संस्थाको पाइपलाइन २५५.८८६ कि.मि. विस्तार भइसकेको ।
- पानीको गुणस्तरको अवस्थाको बारेमा उपभोक्ताहरुलाई जानकारी गराउनको लागि आफ्नै कार्यालयमा रहेको प्रयोगशालाबाट पानी परिक्षण गरी रिपोर्ट उपभोक्ताहरुले देख्ने गरी महशुल काउण्टरको अगाडि नियमित रुपमा राख्ने गरिएको छ साथै यसै प्रतिवेदनको अन्त्यमा पानी परिक्षण रिपोर्ट समेत प्रस्तुत गरिएको छ ।
- प्रविधिको विकास सँगै उपभोक्ताहरुको समय र पैसाको बचतलाई मध्यनजर गर्दै थप अनलाइन महशुल भूक्तानीका माध्यमको व्यवस्था गरिएको छ ।
- संस्थाको समग्र जानकारीलाई समेटी उर्लाबारी खानेपानी नामक मोवाइल एप्लिकेशन तयार गरी सञ्चालन गरिएको छ । उपभोक्ताहरुले एक पटक धारा जडान गरिसकेपछि आफ्नो मोवाइबाट एप्लीकेशन डाउनलोड गरी संस्थाको बारेमा जानकारी लिन, गुनासो तथा अन्य सम्पूर्ण कारोबार घरबाटै गर्न सकिने व्यवस्था मिलाइएको छ ।

यसप्रकार उर्लाबारी नगरक्षेत्रमा स्वच्छ खानेपानीको पहुच पुर्याउने सेवा विस्तारका क्रममा देखिएका समस्या र चुनौतिहरुलाई प्रस्तुत गर्दै समस्या समाधानार्थ पहल गरिनु पर्ने व्यहोरा सुझाएको छ ।

- चौथो ग्रामिण खानेपानी आयोजना (२०५८) बाट सुरु हुँदाका बखतमा जडान तथा निर्माण भएका यान्त्रिक तथा भौतिक सामानको आयु सकिँदै गएको र त्यस्ता संरचनाको परिवर्तन गरी सेवालाई निरन्तरता दिन चुनौति रहेको छ ।
- उर्लाबारीको मुख्य सडक बक्राह देखि मावा खोला सम्म र हाटखोला देखि दक्षिण बरगाछि सम्म पाइपहरु सडकमुनि थिचिएकोले सुधार विस्तारको योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने निकै चुनौतिको बिषय रहेको ।
- सडकको दुबैतर्फ माटो पुराईले र घर अगाडिको आँगन पुराइले गर्दा साथै जे.सि.वि. हरुको बिना जानकारी अव्यवस्थित प्रयोगले फुटाएको पाइप मर्मत गर्ने कार्य निकै चुनौतीपूर्ण रहेको ।
- उर्लाबारी नगरपालिकाको भौगोलिक संरचना परिवर्तन हुँदा थपिएका भूगोलहरुमा घरहरु पातलो भएकोले पाइपलाइन विस्तार गर्ने कार्य निकै चुनौतिपूर्ण भएको ।
- एसियन हाइवे निर्माणको प्रक्रिया सुरु हुने भएकोले बाटोको दुवैतर्फ पर्ने पाइपलाइनको संरक्षण गर्नु चुनैतिपूर्ण रहेको ।
-

**राजश्व शाखा**

नगर कार्यपालिकाको कार्यलयमा एउटा र सबै नौ वटै वार्ड कार्यलयको परिसरमा रहेका नौ वटा गरि जम्मा १० वटा राजश्व संकलन काउन्टरबाट नगरपालिकाको आन्तरिक राजश्व संकलन गर्ने व्यवस्था मिलाइएको उर्लाबारी नगरपालिकाको आ.ब.२०७८/०७९ मा संकलित राजश्वको झलकलाइ यसप्रकार प्रस्तुत गरिन्छ ।

- आ.ब.२०७८/०७९ को आन्तरिक आयको अनुमान रु ४६३०१५००
- आ.ब.२०७८/०७९ को यथार्थ आय रु ४६८७१६१०.११
- प्रगति प्रतिशत १०१.२३
- बाँडफाँडबाट प्राप्त हुने आयको अनुमान रु २४३२५०००
- बाँडफाँडबाट प्राप्त भएको यथार्थ आय रु ३४३०८३०४.०१
- प्रगति प्रतिशत १४१.०४

यसप्रकार प्रक्षेपण र यथार्थ रुपमा संकलन भएको आयको विस्तृतिकरणलाइ यसप्रकार तालिकाबाट अझ प्रस्ट पार्न सकिन्छ ।

| सि. नं. | शिर्षक नं. | आय शिर्षक | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ति कर | ३२७४७७५.७४ | ४००८१७६.७५ |
| २ | ११३१४ | भुमिकर | ८२२१८०५.५७ | ६३४२६५१.०२ |
| ३ | ११३२१ | घरवहाल कर | ४०९२५२०.३९ | ३३२८८०५.२६ |
| ४ | ११३२२ | वहाल विरौटी कर | १७१५२१६.६० | २२२६७८४.५४ |
| ५ | ११४५१ | सवारी साधन कर (साना सवारी) | ३६५०.०० | ३१२००. |
| ६ | ११४५२ | पूर्वाधार सेवा शुल्क (सडक तर्फ) | १६१५५००.०० | २४७७९६५. |
| ७ | ११४७९ | अन्य मनोरञ्जन कर | १४५९०.०० | २६००. |
| ८ | ११६१९ | अन्य कर | ४०.०० | ५८५०. |
| ९ | १४२१३ | अन्य विक्री बाट प्राप्त रकम | १८६००१०.०० | १८७५०. |
| १० | १४२१८ | विद्युत सेवा शुल्क | ०.०० | ५०६०. |
| ११ | १४२१९ | अन्य सेवा शुल्क | ९२०.०० | १८१०. |
| १२ | १४२२१ | न्यायिक दस्तुर | १५९५०.०० | १५९००. |
| १३ | १४२२४ | परिक्षा शुल्क | ०.०० | १६५०००. |
| १४ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १३९०.०० | ९९३६०४.४९ |
| १५ | १४२४२ | नक्शापास दस्तुर | ४३६७३९०.५८ | ४५०६३१९.२५ |
| १६ | १४२४३ | सिफारिस दस्तुर | ७९१५११०.०० | ८४९८१६९. |

| | | | | |
|---|---|---|---|---|
| १७ | १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | १०९७१०.०० | ८५०४५५. |
| १८ | १४२४५ | नाता प्रमाणित दस्तुर | २५१६८०.०० | ३६०३२९.१२ |
| १९ | १४२४९ | अन्य दस्तुर | ३२५७९८६.३० | ५५२३२०८.३२ |
| २० | १४२५३ | व्यवसाय रजिष्टेसन दस्तुर | ८७५४३०.०० | २१०३१३५.६ |
| २१ | १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | ०.०० | ५५४००. |
| २२ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | १९३६१०.५६ | १२१८४७.०९ |
| २३ | १४५२९ | अन्य राजश्व | ०.०० | १६४०.२१ |
| २४ | १४६११ | ब्यवसाय कर | ७२३३५५१.७१ | ४९०४९६५. |
| २५ | १५१११ | वेरुजु | २७९६३६४.०० | ३२१९८४.४६ |

**विपद व्यवस्थापन तर्फ**

नगरपालिकाको विपद व्यवस्थापन लगायतका आकस्मिक व्यवस्थापनका लागि एक विपद व्यवस्थापन कोष खडा गरिएको छ । जसको संचालनका लागि एक कार्यविधी नै तयार गरि कार्यक्रमहरु कार्यन्वयन गरिदै आइएको छ । नगर क्षेत्रमा बिशेष गरि आगलागी हात्तीले क्षति पुर्याएको आँधिहुरी असिनापानी, वाढी) पिडितलाई राहात वितरण, खोला च्यानलाइज, पाइलिङ, खोलाकिनारमा स्पर निर्माण, विपदबाट भएको र हुन सक्ने अन्य क्षति न्यूनिकरण सम्वन्धि कार्यका साथै कोभिड नियन्त्रण र आइसोलेसन संचालन जस्ता विपदजन्य क्षेत्रमा यस कोषबाट खर्चिने गरिएको छ । आब २०७८/०७९ मा विपद व्यवस्थापन कोषको लागि रु १९११६०४३.६३ विनियोजन भएकोमा ८३.८१ प्रतिशत खर्च अर्थात रु १६०२१२६७ खर्च भएको पाइएको छ । यसैगरी वि.स. २०७७/१२/०९ देखि हालसम्म बारुण यन्त्रबाट आगलागी नियन्त्रणको लागि प्रदान गरिएकोमा गत आ.ब भरीमा उर्लाबारी नगरक्षेत्रभरिमा ३२ वटा स्थानमा र उर्लाबारी नगरक्षेत्रबाहिर ३३ वटा स्थानमा सेवा प्रदान गरिएको अवस्था छ ।

आव २०७८/०७९ भरिमा घटेका विपदका घटनाहरुमा राहत वितरण गरिएको शिर्षकगत विवरण यसप्रकार छ ।

| सि.नं. | विपदको प्रकार | पिडितको संख्या | राहात रकम | कैफियत |
|---|---|---|---|---|
| १ | हात्ती आतंक | १३ | 75000.00 | |
| २ | हावाहुरीबाट क्षति | १९ | 145000.00 | |
| ३ | बाढी पिढित | ४७ | 321000.00 | |
| ४ | असिना पिढित | १२६ | 724825.00 | |
| ५ | आगलागी पिढित | ५ | 42000.00 | |
| ६ | चटयाङ्ग पिढित | १ | 8000.00 | |
| | जम्मा | | १३१५८२५.०० | |

**प्रशासन उपशाखा**

जम्मा १४५ जनाको दरबन्दी रहेको उर्लाबारी नगरपालिकामा कार्यरत कर्मचारी संख्या १२६ रहेको छ भने जहाँ स्थायी कर्मचारीको संख्या ६० र करारका कर्मचारीको संख्या ६६ रहेको छ । समिक्षा प्रतिवेदन /गरिएको बर्ष आब. २०७८/०७९ मा नगरसभा नियमित १ पटक सम्पन्न भयो भने आ.ब. भरिमा जम्मा १३ पटक कार्यपालिका बैठको बसेको अवस्था छ ।

कार्यापालिका तथा नगरसभाबाट नगरपालिकाको अधिकारक्षेत्रका बिषयमा विभिन्न कानुन निर्माण भइ कानुन बमोजिम कार्यसम्पादन हुँदै आएकोमा अहिलेसम्म देहाय अनुसारका ऐन आचारसंहिता निर्देशिका कार्यविधी नियमावली गरी जम्मा ५८ वटा कानुन निर्माण भएको छ ।

| कानुन | संख्या |
|---|---|
| ऐन | २० |
| आचारसंहिता | १ |
| निर्देशिका | ४ |

| | |
|---|---|
| कार्यविधी | २७ |
| नियमावली | ६ |
| जम्मा | ५८ |

यसैगरी समिक्षा प्रतिवेदन तयार पारिएको अवधीसम्म कर्मचारीलाइ E-Bid सम्बन्धी तालिम संचालन गरिएको प्राविधिक कर्मचारीहरुलाई सर्भे, रोड डिजाइन, लागत इष्टिमेट तयारी, टोटल स्टेशन सम्बन्धी तालिम दिइएको प्राविधिक कर्मचारीहरुको क्षमता विकासका लागि GIS सम्बन्धी तालिम दिइएको सम्पूर्ण कर्मचारीहरुलाई स्वयम् विकास (Self Development) सम्बन्धी तालिम प्रदान गरि क्षमता विकास गर्नेतर्फ कार्यहरु भएको अवस्था छ ।

यसरी नगरपालिकाको समग्र प्रशासन संचालनको कार्यविवरण प्राप्त यस प्रशासन शाखाले बार्षिक कार्यक्रम तथा कार्यहरु संचालन गर्दा अनुभव गरेका प्रमुख सुझाब तथा समाधानार्थ उपायहरु यसप्रकार पेश गरिएको छ ।

| **क.स.** | **प्रमुख समस्या** | **समस्या समाधानार्थ सुझावहरु** |
|---|---|---|
| १. | प्राविधिक जनशक्तिको अभाव | प्राविधिक जनशक्ति पदपूर्ति गरी सेवा प्रवाहमा सहजता ल्याउन । |
| २. | कर्मचारीको क्षमता विकासका लागि पर्याप्त तालिम सञ्चालन हुन नसकेको । | क्षमता विकासका लागि कार्ययोजना बनाई प्रशासनिक तथा प्राविधिक कर्मचारीहरुलाई क्षमता विकासको तालिम सञ्चालन गर्न । |
| ३. | सेवा प्रवाहको मापदण्ड (SOP) निर्माण नभएको । | सेवा प्रभावलाई प्रभावकारी बनाउन सेवा प्रवाहको मापदण्ड बनाउन । |
| ४. | नागरिक वडापत्र (Citizen Charter) नभएको । | नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयबाट प्रवाह गरिने सेवा र समयको विषयमा जानकारी दिने नागरिक वडापत्रको व्यवस्थापन । |

भवन तथा वस्ति विकास शाखा

नगरको भवन तथा शहरी विकासको कार्यविवरण प्राप्त यस शाखाले आफ्नो नियमित कार्य गर्नुको अतिरिक्त कर्मचारी तथा सरोकारवालाहरुको क्षमता अभिबृद्धि गर्ने प्रयोजनका लागि क्षमता विकास तालिम संचालन गरेको थियो । जसबाट कार्यप्रभावकारिता आउनुको साथै सेवाग्राहीको काममा गुणस्तरियता तथा नगरपालिकाको सेवा प्रवाहमा सुनिश्चितता तथा मितव्ययितता कायम गर्न टेवा पुगेको थियो ।

क्षमता अभिबृद्धिको लागि गरेका तालिम तथा कार्यक्रम

| सि.नं. | कार्यक्रमको विवरण | विनियोजित बजेट | हाल सम्मको उपलब्धि | उपलब्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्राबिधिक कर्मचारी हरुका लागी GPS/GIS सम्बन्धि तालिम | ५,००,००० | कार्यक्रम सम्पन्न भइसकेको | १०० | |
| २ | Mason training | ५,००,००० | कार्यक्रम सम्पन्न भइसकेको | १०० | |
| ३ | Building bylaws | ५,००,००० | सम्पन्न नभएको | | |

यस शाखाको कार्यविवरण अन्तरगत हुन आउने घरनक्शा नाप स्विकृत तथा नयाँ मापदन्डको विकास तथा समग्र आधुनिक शहरीकरणको क्रममा आ.ब. २०७८/०७९ भरिमा यसप्रकारको तथ्यांकगत प्रगती विवरण हासिल गरेको अवस्था छ

| विवरण | जम्मा सङ्ख्या |
|---|---|
| जम्मा नयाँ घर निर्माण अनुमति निबेदन दर्ता | २३२ |
| जम्मा नयाँ घर निर्माण सम्पन्न | १५६ |
| पुरानो घर नक्शा अभिलेखिकरण निबेदन दर्ता | ४५ |
| पुरानो घर नक्शा अभिलेखिकरण प्रमाण पत्र जारी | ३४ |
| जम्मा निर्माणधीन घर (प्रथम र दोस्रो चरण लिएको) | २१० |

यस क्रममा नयाँ घर निर्माण सम्पन्न प्रमाण पत्र जारी भएको संख्या ९०४ रहेको थियो भने पुरानो घर नक्शा अभिलेखिकरण प्रमाण पत्र जारी भएको संख्या ६६४ रहेको थियो । शाखाको समग्र प्रगती विवरण तथा उपलब्धीलाइ यसप्रकार बुँदागत रुपमा समेत उल्लेख गर्न सकिन्छ ।

- भूकम्प प्रतिरोधी संरचना निर्माणको लागि स्ट्रक्चरल एनालाइसिसको रिपोर्टको आधारमा निर्माण कार्य गर्न इजाजत जारी गरेको ।
- भूकम्प प्रतिरोधी भवन निर्माण गर्नका लागि स्थानीय निर्माण कर्मीहरूलाई प्राविधिक (Mason) तालिमको व्यवस्थाको पहल गरियो ।
- भवन निर्माण हुनु अगावै मापदण्ड अनुसार चाहिने भवनहरूमा माटो परिक्षण गर्ने कार्यलाई प्रोत्साहन दिएको ।
- घर नक्शा पास प्रक्रिया नियम सुरु हुनु अघि बनेका पुरानो घरहरु लाई घर नक्शा अभिलेखिकरण प्रमाण पत्र मार्फत निकाश दिइयो ।
- उर्लावारी नगरपालिका क्षेत्रभित्र घर र अन्य व्यक्तिगत संरचनाहरू बनाउँदा सरकारी र सार्वजनिक जग्गाहरूको संरक्षणका लागि उक्त जग्गाको सिमाना यकिन गरी उक्त जग्गाको संरक्षण गर्ने कार्य हुँदै आएको ।
- जग्गाहरूको विवाद र जग्गा सम्वन्धी आवश्यक कामका लागि लिखित र मौखिक आदेश बमोजिम आवश्यक स्थलगत नापजाँच गरी सिमाना यकिन गरेको ।
- नगरपालिका हुनु भन्दा अगाडि बनेका घरहरूको अभिलेखिकरणका लागि स्थलगत जग्गाका नापी नक्सा अनुसार नापजाँच गरी उक्त घर निजको जग्गामा बनेको वा नबनेको विषयको प्रतिवेदन पेश गरिएको ।

यसप्रकार भवन तथा वस्ति विकाससँग सरोकार राख्ने बिभिन्न क्षेत्रमा उपलब्धी हासिल गरेको यो शाखाले यो आ.ब.भरीको दौरानमा देहायका चुनौती तथा चुनौतिलाइ समाधानार्थ विकल्पहरु सुझाएको छ । जसलाइ समयमा नै संबोधन गरे शाखाको कार्यसहजता बढनाको साथै सेवाग्राहीमा सन्तुष्टिको भाव प्रकट हुनेकुरामा सन्देह छैन ।

| **क्र.स.** | **प्रमुख समस्या** | **समस्या समाधानार्थ सुझावहरु** |
|---|---|---|
| १. | उर्लाबारी नगरपालिका क्षेत्र भित्र बनेका सरकारी, | उर्लाबारी नगरपालिका क्षेत्र भित्र सरकारी वा |

| | | |
|---|---|---|
| | सामुदायिक, सार्वजनिक तथा योजना परेका सबै भवनहरु नक्सा पासको दायरामा नआएको । | योजना परेका सबै भवन लाई नक्शा पास प्रक्रिया पुरा गरेर मात्र काम संचालन गर्ने । |
| २. | उर्लाबारी नगरपालिका क्षेत्र भित्र घर नक्शा पास गर्ने प्रक्रियामा धेरै जग्गा को विवाद भइरहेको। भोक चलन र् नापी नक्शामा फरक परेको । | उर्लाबारी नगरपालिकाको कार्यालयले जग्गा विवाद सम्बन्धि नापी बिभाग मा सर्पट नापी का लागि पहल गर्नु पर्ने। |
| ३. | उर्लाबारी नगरपालिकामा बनेका वडा कार्यालय र सरकारी कार्यालय अपाङ्गमैत्री भएन भनि गुनासो आएको । | सबै सार्वजनिक भवन, सरकारी भवन इत्यादी सबै मानिसका लागि पहुँचयुक्त हुने गरि नक्शा स्वीकृत गर्ने । Technical Evaluation गर्दा पहुँचयुक्तमा पनि ध्यान दिनुपर्ने । |
| ४. | स्विकृत नक्शा भन्दा बाहेक निर्माण कर्मीले आफूखुशी डिजाइन गरेको पाइयो। | समय समयमा निर्माण कर्मीलाई घर नक्शा मापदण्ड सम्बन्धि Orientation र तालिम दिनुपर्ने आवस्वक देखिएको। साथै आवस्यक परेमा कार्वाही पनि गर्नु पर्ने । |

**सूचना प्रविधी शाखा**

